Norway


SUOMI FINLAND

Renewable Energy for Resilient Agri-Food Systems | RERAS

कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा

# वातावरणमैत्री स्थानीय शासन


# अनुगमन, मूल्याङ्कन, प्रतिवेदन





# अनुगमन

- कुनै योजना, कार्यक्रम, प्रक्रिया, प्रणाली वा स्थितिको अवस्थालाई निरन्तर रूपमा अवलोकन गर्ने र त्यसको जानकारी सङ्कलन गर्ने कार्य।
- यसले कुनै काम योजना अनुसार भइरहेको छ कि छैन भनेर जाँच गर्न र कुनै समस्या आएमा समयमै सुधार गर्न मद्दत गर्दछ।
- व्यबस्थापन को भाषामा अनुगमन भनेको योजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवधिभर लागत, समय, गुणस्तर जस्ता पक्षलाई निरन्तर निगरानी गरी परि आउने कठिनाइ, बाधा, व्यवधान बारे ब्यवस्थापनलाई पूर्व जानकारी गराई लक्ष हासिल गर्न मद्दत पुर्याउने एक निरन्तर चलिरहने प्रकृया हो।



# अनुगमनका तहहरु

(१) लगानी तह

- कार्ययोजना वमोजिम कार्यक्रम वा क्रियाकलाप संचालन र लगानी गरे, नगरेको।

(२) प्रकृयागत तह

- तोकिएको विधि र प्रक्रिया अवलम्वन गरे, नगरेको र सो अनुसार क्रियाकलाप भए, नभएको

(३) नतिजा तह

- अपेक्षित नतिजाहरु प्राप्त भैरहेको छ वा छैन वा आयोजना अवधिभरमा प्राप्त हुने आधार के छ ।

# अनुगमनका प्रकारहरू

उदेश्यमा आधारित

- प्रक्रिया अनुगमन - जस्तैः दैनिक फोहोर संकलन कार्यको निगरानी।
- परिणाम (Output/Outcome) अनुगमन - जस्तैः कुहिने र नकुहिने फोहर को वर्गीकरण, संकलन र व्यवस्थापन गर्ने घरपरिवारको प्रतिशत
- अनुपालन अनुगमन - जस्तैः भवन निर्माणमा वातावरणीय मापदण्ड पालना भए वा नभएको।
- वित्तीय अनुगमन - जस्तैः बजेट खर्चको अवस्था।
- सहभागितामूलक अनुगमन -जस्तैः टोल विकास संस्था वाट फोहर व्यवस्थापनको अनुगमन।
- विषय क्षेत्रगत अनुगमन - जस्तैः लैङ्गिक तथा सामाजिक समावेशीता को अवस्था। कार्ययोजना वमोजिम कार्यक्रम वा क्रियाकलाप संचालन र लगानी गरे, नगरेको।

# अनुगमनका प्रकारहरू

समयमा आधारित

- निरन्तर (Continuous) : दैनिक, साप्ताहिक अनुगमन ।
- आवधिक (Periodic): activities based and time specified, मासिक, चौमासिक, वार्षिक ।

जिम्मेवारिमा आधारित

- आन्तरिक अनुगमनः सम्बन्धित विषयगत शाखा प्रमुख, कर्मचारी, वडा तहका पदाधिकारीले गर्ने अनुगमन ।
- बाह्य अनुगमनः जिल्ला समन्वय समिति, प्रदेश सरकार, संघीय निकाय, लगानीकर्ता, लेखापरीक्षक, मूल्यांकनकर्ता आदि ले गर्ने अनुगमन ।

# संयुक्त अनुगमन

- विभिन्न सरोकारवाला निकायहरूले संयुक्त रुपमा एउटै योजना, आयोजना, परियोजना वा कार्यक्रमको अनुगमन गर्ने प्रक्रिया हो ।

- यसले समन्वय विकास, पारदर्शिता र उत्तरदायित्व बढाउँछ।

- एकल अनुगमन भन्दा संयुक्त अनुगमनले साझा बुझाइ र सुधारका सिफारिसहरू गर्नाको साथै सबैलाई जिम्मेवारी वोध पनि गराउदछ ।

- यो अभ्यास संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य (vertical coordination) तथा विभागीय सहकार्य (horizontal coordination) मा आधारित हुन्छ।

- स्थानीय तहको अनुगमन प्रणालीमा यो अभ्यासलाई "Multi-stakeholder Monitoring" पनि भनिन्छ।

# संयुक्त अनुगमनको महत्व

संयुक्त अनुगमनले देहायका देहायका कार्यहरुमा सहयोग पुर्याउछः

- विभिन्न निकायबीचको समन्वय र सहयोग सुदृढ वनाउने ।
- निर्णय प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व वृद्धि गर्ने ।
- तथ्यमा आधारित निर्णय गर्ने ।
- नागरिकको विश्वास र सहकार्य बढ्ने।
- योजना/कार्यक्रमको प्रभावकारिता र दिगोपनमा सुधार हुने ।
- दोहोरो अनुगमन तथा दोहोरो खर्चमा कमि आउने ।
- विकास कार्यक्रमहरूको वास्तविक र सर्वस्वीकार्य नतिजा देखाउन सकिने ।



# स्थानीय तहमा अनुगमनको व्यवस्था

- स्थानीय तहले कानून बमोजिम योजना/कार्यक्रमको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरू गठन गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु उपयुक्त हुन्छ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ ले उपाध्यक्ष/उपप्रमुखको र वडा अध्यक्ष को काम, कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवदेन बैठकमा पेश गर्नुपर्ने प्रावधान राखेको छ।

- योजना/कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्ने मूल जिम्मेवारी उपाध्यक्ष/उपप्रमुखको रहेको छ।

- वडाभित्र सञ्चालित योजना/कार्यक्रमको अनुगमन तथा नियमन गर्ने अधिकार वडा समितिमा छ।

- वडाबाट कार्यान्वयन हुने योजना/कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने काम वडा अध्यक्षको काम कर्तब्य अधिकार भित्र पर्दछ।

- अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेटको व्यवस्था सहित वार्षिक अनुगमन योजना, जिम्मेवार एकाइ, दक्ष कर्मचारी, श्रोत साधनको उचित व्यवस्था गर्नु पर्छ।

# सूचक अनुगमन नमूना फारम

| अनुगमनको विषय | अनुगमन जिम्मेवारी र समय | सूचक विवरण | सूचक मापन विधि |
|---|---|---|---|
| बिषय क्षेत्रगत सूचकहरु | • स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गठित अनुगमन तथा सुपरिवेक्षण समिति ।<br>• चौमासिक/ वार्षिक । | • प्रत्येक घरमा शौचालयको व्यवस्था र त्यसको उचित प्रयोग भएको ।<br>• आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफै वा समूहमा मिलि मल वनाउने गरेको ।<br>• नसड्ने फोहरलाई नगरपालिकाले तोके बमोजिम उचित व्यवस्थापन गरेको । | • सहभागितामूलक ।<br>• नतिजामूलक अनुगमन खाका ।<br>• स्थलगत अनुगमन । |

# वातावरणमैत्री स्थानीय शासन को अनुगमन प्रक्रियामा नागरिक समाज संस्थाको भूमिका

- स्थानीय तहमा सन्चालन भएका योजना तथा कार्यक्रमहरुमा उपयुक्त तरिकाले काम भए नभएको हेर्ने ।
- घरपरिवार र समुदायस्तरमा सूचकको अवस्था अनुगमन गर्न आवश्यक पैरवी गर्ने ।
- आफुले देखेका कुराहरु वडा समिति/कार्यालयलाई जानकारी दिने ।
- अनुगमन प्रक्रियामा नागरीक सहभागिता बढाउन वकालत गर्ने ।
- औपचारिक तथा अनौपचारिक अनुगमनमा सहभागी हुने र उपभोक्ता हितका लागि काम गर्ने ।
- सार्वजनिक सेवालाइ गुणस्तरीय र भरपर्दो बनाउन खबरदारी गर्ने ।
- आम चासोका बिषयमा जनचेतना जगाउने ।
- नागरिक सशक्तिकरणमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने ।

# प्रतिवेदन तथा अभिलेख व्यवस्थापन

- प्रत्येक योजना, आयोजना तथा कार्यक्रमको जिम्मेवार व्यक्ति वा निकायले मासिक, चौमासिक र बार्षिक रुपमा स्थानीय तहले तोकिदिएको ढाँचामा प्रगति प्रतिबेदन बुझाउनु पर्दछ ।

- अनुगमनको लागि तोकिएको जिम्मेबार समिति, अनुगमन टोली, पदाधिकारी र कर्मचारीले अध्ययन गरी अनिबार्य रुपमा पृष्ठपोषण गर्नुपर्दछ ।

- यस्तो पृष्ठपोषणले योजना वा प्रगति प्रतिवेदनमा भएका कमी कमजोरीलाई सुधार गर्ने अबसर मिल्दछ ।

- वडा समितिको काम, कर्तव्य र अधिकारमा मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने व्यवस्था छ ।

- वातावरणमैत्री स्थानीय शासन स्थानीय तहको जिम्मेवारीको विषय भएको हुदा यस सम्वन्धमा भए गरेका कार्यहरुको प्रतिवेदन तयार गर्ने, गराउने, समिक्षा गर्ने र प्राप्त उपलव्धिको प्रचार, प्रसार तथा अन्य क्षेत्रमा विस्तार गर्ने कार्य गर्नु पर्दछ ।


# मूल्याङ्कन

- मूल्याङ्कन भनेको कुनै पनि योजना, आयोजना, कार्यक्रम सम्पन्न भएपछि लक्ष्य वमोजिमको कार्य भयो वा भएन अपेक्षित प्रतिफल प्राप्त भयो भएन भनि अध्ययन गर्ने विधि हो ।
- योजना, आयोजना, कार्यक्रम कार्यान्वयन सम्पन्न भैसकेपछि मात्र मूल्याङ्कन गरिन्छ ।
- सामान्यतया आयोजना कार्यान्वयनमा संलग्न नरहेका निकायबाट मूल्याङ्कन गरिन्छ ।
- आन्तरिक प्रयोजनका लागि कार्यान्वयन गर्ने निकाय आफैले योजना तथा कार्यक्रमको मूल्याङ्कन गर्ने प्रचलन छ ।
- मूल्याङ्कन गर्दा सहभागितामुलक पद्धति अवलम्वन गर्ने गरिन्छ ।
- मूल्याङ्कनको उद्देश्य योजना र कार्यक्रमको उपलव्धि, प्रभावकारिता, दक्षता र दिगोपन मापन गर्नु हो।

# मूल्याङ्कन विधि (नमूना)

| लगानी | प्रतिफल | असर | प्रभाव |
|---|---|---|---|
| • स्वास्थ्य र सरसफाई कार्यक्रम को लागि अनुदान। | • आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको। | • फोहरमैला व्यवस्थापन भई प्रदूषण नियन्त्रण भएको। | • मानव स्वास्थ्यमा सुधार भएको र झाडा पखाला नियन्त्रण भएको। |

# हामी सक्छौं



वातावरणमैत्री घर

वातावरणमैत्री टोल/वार्ड

वातावरणमैत्री गाउँ/नगरपालिका

वातावरणमैत्री जिल्ला

वातावरणमैत्री राष्ट्र

धन्यवाद